# सरस्वती सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका नगरपालिका वडा नं. ४, बेलवा, बर्दिया

## गोलिया काठ तथा दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मितिः २०८३/०४/१९ गते मंगलबार

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको च.नं. १६ र १८ मिति २०८३/०४/०१ गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना **नागरिक राष्ट्रिय दैनिक** पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट २१ औं दिनभित्र कार्यालय समयभित्र शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिल

| लट नं. | घाटगद्धी स्थान | पाईलिङ्ग नं. | क्र.सं. | जात | ग्रेड | गोलिया थान | परिमाण (घ.फि.) | दर रु. | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| BA/13/15-a01-01-2083/04/19-p | समूहको घाटगद्धीमा | १ देखि ४, ६ र ८ (RF/FT) १ र २ (TI) | १ | कर्मा | A | २ | ५८.५५ | ४०० | २३४२०.० | २०८८४०.० | |
| | | | २ | कर्मा | C | ७ | २८.१४ | १०० | २८१४.० | | |
| | | | ३ | खयर | N | ३९४ | ३१३.७६ | १००० | ३१३७६०.० | | |
| | | | ४ | बाँझी | N | ३ | २७.९९ | १०० | २७९९.० | | |
| | | | ५ | साल | A | ८ | ११७.८८ | १२५० | १४७३५०.० | | |
| | | | ६ | साल | B | .२५ | २७४.५४ | ९०० | २४७०८६.० | | |
| | | | ७ | साल | C | ४४ | २१९.९४ | ६०० | १३१९६४.० | | |
| | | | ८ | साल | D | ७ | १०.६६ | ३०० | ३१९८.० | | |
| | | | ९ | सिसौ वृ. | B | ६ | ११.४ | ५०० | ५७००.० | | |
| | | | १० | अस्ना | A | १ | १३.२३ | ४०० | ५२९२.० | | |
| | | | ११ | अस्ना | B | ५ | ६९.१ | ३०० | २०७३०.० | | |
| | | | १२ | अस्ना | C | १६ | १००.९७ | १०० | १००९७.० | | |
| | | | १३ | जामुन | B | १ | ५.८७ | ३०० | १७६१.० | | |
| | | | १४ | जामुन | C | १ | ४.०१ | १०० | ४०१.० | | |
| | | | १५ | तेन्दु | N | २ | १३.७६ | १०० | १३७६.० | | |
| | | | १६ | बेल | N | ११ | ५८.५६ | १०० | ५८५६.० | | |
| | | | १७ | दबदबे | N | २ | २०.९५ | १०० | २०९५.० | | |
| | | | १८ | सिरिस | A | ४ | ४३.८७ | ३०० | १३१६१.० | | |
| | | | १९ | सिरिस | B | ८७ | २९९.३४ | २०० | ५९८६८.० | | |
| जम्मा | | | | | | ६२६ | १६९२.५२ | | ९९८७२८.० | २०८८४०.० | |
| BA/13/15-a01-02-2083/04/19-p | समूहको घाटगद्धीमा | साल जातको दाउरा (२०'x५'x५' को) ४.०० चट्टा | | | | | | १२००० | ४८०००.० | ६७२००.० | (RF/FT/TI) |
| | | साल मिश्रित जातको दाउरा (२०'x५'x५' को) १.०० चट्टा | | | | | | ८००० | ८०००.० | | |
| | | अन्य जातको दाउरा (२०'x५'x५' को) ३.०० चट्टा | | | | | | ४००० | १२०००.० | | |
| जम्मा | | | | | | | | | १०६६७२८.० | २७६०४०.० | |

शर्त तथा नियमहरुः

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८२/०५/०८ गते सोमबार ख) समयः कार्यालय समयभित्र

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८२/०५/०९ गते मंगलबार ख) समयः मध्यान्ह १२:०० बजेसम्म

३) बोलपत्र खोल्ने मिति र समय
क) अन्तिम मितिः २०८२/०५/१० गते बुधबार ख) समयः बिहान १:०० बजे

४) बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट **नागरिक राष्ट्रिय दैनिक** पत्रिकामा मिति २०८३/०४/१९ गते मंगलबार सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजेसम्म यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट दर्ता गर्न सकिनेछ।

५) खरिद गरिएका बोलपत्र साथ न्युनतम मुल्य भन्दा माथी कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम यस सामुदायिक वनको नाममा राष्ट्रिय वाणिज्य बैङ्क, गुलरिया, बर्दियामा रहेको खाता नं. ४१४०१००१००१७५००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगद्धी स्थलमा गइ हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा समूहको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेखु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

१२) सङ्कलन तथा घाटगद्धी खर्च छुट्टै बुझाउनु पर्नेछ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार 'गरिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समूहमा निहित रहने छ।

१५) अन्य जानकारीको लागि कार्यालय समयमा यस समूहमा सम्पर्क राख्न सकिनेछ।

१६) बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दर्ता गर्न सकिनेछ साथै दर्ता गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

१७) बोलपत्र फारमको तालिकामा तालिका भित्र लेखुपर्ने विवरणहरु तालिकाभित्रै लेखुपर्ने छ, सो बमोजिम नलेखेको पाईएमा बोपत्रफारम अमान्य हुनेछ।

नागरिक आर्थिक
मंगलबार, १९ साउन २०८३, Tuesday, 4 August 2026



## बजार

सुन तोला - २८४,०००
चाँदी तोला - ४३५०

| विदेशी मुद्रा | | खरिद | बिक्री |
|---|---|---|---|
| अमेरिकी डलर | - | १५२.२५ | १५२.८५ |
| युरो | - | १७५.४४ | १७६.१३ |
| पाउन्ड स्टर्लिङ | - | २०४.७७ | २०५.५८ |

# मध्य मनसुनमै चिनियाँको आगमनमा सुधार

**नागरिक संवाददाता**
*पोखरा, साउन १८*



पोखरा भित्रिएका चिनियाँ।
*फाइल तस्बिर : नागरिक*

यस वर्षको जुलाई महिनामा अघिल्लो वर्षभन्दा केही बढी विदेशी पाहुना भित्रिएका छन् । नेपालमा हवाई माध्यमबाट मात्र यो जुलाईमा ७१ हजार ७७५ जना विदेशी पाहुना भित्रिएका छन्। जुलाईमा चिनियाँ पाहुनाको आगमनमा भने ह्वात्तै वृद्धि भएको छ। अघिल्ला वर्षभन्दा यो मनसुनको समयमा चिनियाँको आगमनमा वृद्धि भएको छ।

नेपाल पर्यटन बोर्डको तथ्यांक अनुसार जुलाई महिनाको यो आगमन २०२५ को जुलाईको भन्दा केही बढी हो। २०२५ को जुलाईमा नेपालमा सबैगरी ७० हजार १९३ जना विदेशी पाहुना भित्रिएका थिए। अघिल्लो वर्षको जुलाईको तुलनामा यो पटकको जुलाईमा विदेशी पाहुना आगमनमा जम्मा २.३ प्रतिशत वृद्धि भएको पर्यटन बोर्ड गण्डकीका वरिष्ठ निर्देशक मणिराज लामिछानेले बताए। 'मध्य मनसुनका बाबजुद पनि आगमनमा सामान्य वृद्धि भएको छ। आगमनमा सुधार त भएकै छ। चिनियाँ पाहुनाको आगमनले यो पटक केही उत्साह थपेको छ', उनले भने, 'उत्साहजनक रूपमा चिनियाँको आगमन वृद्धि भएको छ।' उनका अनुसार यो बेला चिनियाँका लागि नेपाल घुमघामको खास सिजन होइन तर आगमन भने वृद्धि भएको छ।

चीनमा यो बेला कलेज र विद्यालयमा गर्मी बिदा हुने भएकाले चिनियाँ पाहुनाको आगमन बढेको हुन सक्ने उनले बताए। 'स्कुल र कलेज बिदा भएपछि विद्यार्थीहरू घुम्न निस्कन पाएका छन्। बच्चाको विद्यालय बिदा भएपछि परिवारसहित घुम्न निस्कन पाउँदा चिनियाँको आगमनमा वृद्धि भएको हो', उनले भने।

कोरोना भाइरस संक्रमण सुरु हुनुअघि सन् २०१९ को जुलाईमा नेपालमा भित्रिएका चिनियाँको संख्या १० हजार २१५ रहेको थियो। त्यो आगमन खस्केर २०२५ जुलाईमा ६ हजार ८९० मा झरेको थियो तर त्यो आगमन यो जुलाईमा बढेर ११ हजार ९९ पुगेको छ। नेपालमा चिनियाँ पाहुना आगमन लामो समयदेखि खस्केको अवस्थामा अहिलेको आगमनले कोरोना अघिकै अवस्थामा फर्किने संकेत देखिएको उनले बताए।

कलेजमा बिदा, पर्यटन बोर्डले चीनका विभिन्न प्रदेशसँगको समन्वयमा गरेको प्रवर्धन कार्यक्रमले पनि चिनियाँ पाहुना नेपाल भित्र्याउन सघाएको उनले बताए। नेपालले चिनियाँ पाहुनाका लागि गरेको निःशुल्क भिसा प्रावधानले गर्दा पनि पाहुना आगमन बढाउन सहज भएको लामिछानेले बताए। 'मनसुनमा पनि चिनियाँ पाहुना वृद्धि हुँदा त्यसले व्यावसायीलाई राहत मिलेको छ। युरोपका पाहुना आगमन पछिल्लो समय कमजोर हुँदै जाँदा चिनियाँ बढेकाले पर्यटन क्षेत्रले लाभ लिएको छ', उनले भने। जुलाई महिनामा २३ हजार ४९० जना भारतीय पाहुना भित्रिए। भारतीय पाहुनाको यो आगमनले करिब ३३ प्रतिशत हिस्सा ओगटेको छ। त्यसैगरी ७ हजार ७५४ जना अमेरिकी पाहुना नेपाल भित्रिए। बाङ्लादेशका पाहुनाको आगमन चार हजार १७९ रहेको छ। बेलायती पाहुनाको आगमन भने जम्मा ३ हजार ७७३ रहेको बोर्डको तथ्यांक छ।

नेपाल भित्रिएका विदेशीमध्ये दक्षिण एसियाका पाहुनाको हिस्सा ४१.५ प्रतिशत छ। त्यस्तै एसियाका पाहुनाको हिस्सा २४ प्रतिशत रहेको छ। युरोपका पाहुनाको हिस्सा भने करिब १३ प्रतिशत रहेको छ। अमेरिकी पाहुनाको आगमन पनि १२ प्रतिशत रहेको छ।

# कोदो संरक्षणमा जुटे भरतपुरका बासिन्दा



**वसन्त ढुंगाना**
*चितवन साउन १८*

भरतपुर-८ स्थित धारेचोकको तेजकुमारी कँडेलले तीन दशक अघिसम्म कोदो रोपिन्। मकैभित्र कोदो रोपेर पाँच मुरीसम्म फलाएको अनुभव सँगालिन्। पछिल्ला वर्षमा भने कँडेलले कोदो रोप्न छाडेकी थिइन्। अहिले कोदोको महत्त्व बुझेर उनले समूहमा आबद्ध भएर फेरि कोदो रोप्न थालेकी छिन्।

'विगतमा कोदो रोपेर थाकेकी हुँ। मकैभित्र रोपेर पनि पाँच मुरीसम्म फलाइन्थ्यो', उनले भनिन्, 'अहिले किनेर खानुपरेको छ।' भरतपुरकी पुजा भुसालसँग पनि पर्वतमा ३० मुरीसम्म कोदो फलाएको अनुभव छ। यद्यपि चितवन झरेपछि उनले कोदो राप्न छोडेकी थिइन्। यस वर्ष डेढ कट्ठामा कोदो रोप्ने तयारी गरेकी छिन्।

'पहाडमा आमाबुवासँग कोदो रोप्न हिँडियो। हाम्रो घरमा कुनै दिन ६० जनासम्म कोदो रोप्ने खेतला हुन्थे', भूसालले भनिन्, '३० मुरीसम्म कोदो फल्थ्यो। अहिले कोदो रोपेर खानका लागि अरुलाई नै दिएका छौं।'

चितवनमा कोदो रोप्नेहरूको संख्या घट्दै गएको छ। पहाडबाट झरेर आएका मानिसले कोदोभन्दा अन्य बालीलाई महत्त्व दिँदा कोदो रोप्नेको संख्या घटेको हो। यद्यपि भरतपुर-९ स्थित त्रिपुरेश्वर कृषि सहकारी संस्थाले कोदो रोप्न महिलालाई आकर्षित गरेपछि यहाँका महिलाले सामूहिक तथा व्यक्तिगत रूपमा फेरि कोदो रोप्न थालेका छन्। भरतपुर-९ की कोपिला दुरालेे सहकारीमा आबद्ध भएपछि रोप्न छाडिएको कोदो रोप्न थालेको बताउँछिन्। 'हामीले सधैं कोदो रोप्थ्यौं, चितवन झरेपछि चार वर्ष कोदो रोपिएन', वडा सदस्यसमेत रहेकी दुरालेे भनिन्, 'केही वर्षयता कोदो रोप्न थालेकी छु।' कोदो मदिरा बनाउन पनि प्रयोग गरिन्छ। मगर समुदायका लागि हरेक चार्डपर्वमा मदिराको प्रयोग हुने गर्दछ। त्यसका लागि पनि मगर समुदायले कोदो रोप्ने गरेको उनी बताउँछिन्। 'जनजाति भएका नाताले पनि हामीलाई रक्सी चाहिन्छ', उनले भनिन्, 'यसवर्ष दुई कट्ठा क्षेत्रफलमा कोदो रोप्दैछु।'

भरतपुर-९ को त्रिपुरेश्वर कृषि सहकारी संस्थाले सहकारीमार्फत यहाँ रैथाने बाली कोदो संरक्षण गर्न थालिएको छ। यस कृषि सहकारीले हराउँदै गएको कोदो उत्पादन गर्न सदस्यहरू मार्फत अभियान सञ्चालन गरिरहेको जानकारी संस्थाका अध्यक्ष बेदप्रसाद सापकोटाले दिए। 'हामीले हराउँदै गएको कोदोको प्रवर्धन गर्न विगत ६ वर्षदेखि सामूहिक रूपमा कोदो रोप्दै आएका छौं', उनले भने, 'सहकारीले कोदो रोप्न थालेपछि महिला दिदीबहिनीले व्यक्तिगत रूपमा पनि रोप्न लाग्नुभएको छ।' त्रिपुरेश्वर सहकारी संस्थाले बाँझो जमिनमा कोदो रोप्न चाहने व्यक्तिलाई बिऊ समेत उपलब्ध गराउँदै आएको उनले बताए। 'हाम्रा सदस्यलाई हामी कोदोप्रति आकर्षित गर्दैछौं', उनले भने, 'खाली जमिनमा कोदो रोप्न चाहने व्यक्तिका लागि बिऊ समेत उत्पादन गरेका छौं।' यसवर्ष सहकारीले १३ कट्ठामा कोदो रोप्दै छ भने भरतपुर ८ र ९ मा १० बिघा क्षेत्रफलमा कोदो रोप्न लागिएको उनले बताए।

किसानलाई रैथाने बाली कोदोप्रति आकर्षित गर्न सामूहिक रूपमा कोदो रोप्दै आएको उनले बताए। उनले राष्ट्रिय रूपमा कोदो प्रवर्धन गर्न आफ्नो सहकारीले उल्लेख्य भूमिका निर्वाह गरेको दाबीसमेत गरे। उनका अनुसार सहकारीले कोदोको पिठोसमेत बेच्दै आएको छ। 'पछिल्ला वर्ष कोदोको महत्त्व बढ्दै आएको छ। उत्पादन भने घट्दो अवस्थामा छ', उनले भने, 'हामीले सहकारीमार्फत महिनामा १० क्विन्टलसम्म कोदोको पिठो बिक्री गर्दै आएका छौं।' कोदो पोषणका लागि पनि राम्रो हुने भएकाले किसानले बाँझो जमिनमा पनि खेती हुने भरतपुर महानगरपालिका आर्थिक विकास महाशाखा प्रमुख तेजेन्द्रप्रसाद पौडेलले बताए।

'कोदो रुखो जमिनमा पनि हुन्छ', उनले भने, 'यसले माटोको बढी अम्लीयपन समेत सहन सक्छ।' उनका अनुसार ८.५ युपिएस अम्लीयपनमा पनि कोदो हुन्छ। कोदोले बढी पानी र सुक्खा दुवै सहन सक्ने उनले बताए। कोदोमा रोग पनि कम लाग्ने उनले बताए। सहकारी संस्थाले गत वर्ष काभ्रेबाट चार वर्ष अघि एक केजी रैथाने कोदोको बिउ ल्याएर रोप्ने प्रबन्ध गरेको थियो। त्यसबाट ४१ केजी बिउ उत्पादन भएको थियो। त्यसमध्ये संस्थाका सदस्यलाई यस वर्ष २२ केजी बिउ वितरण गरेको थियो। अहिले आफैं बिउसमेत राख्न थालेको छ।

भरतपुर महानगरपालिका- ९ का अध्यक्ष जिवलाल कँडेलले रैथाने बाली संरक्षणमा वडा कार्यालय लागि परेको बताए। महानगरपालिकाले नै रैथाने बाली संरक्षणका लागि पहल गरिरहेको भन्दै आगामी दिनमा कोदो संरक्षणका लागि वडा तहबाट पनि काम गरिने बताए।

अहिले बजारमा कोदोको मूल्य प्रतिकेजी सय रुपैयाँभन्दा माथि छ। कोदोमा क्याल्सियम, म्याग्नेसियम, फस्फोरस, म्यागनिज, भिटामिन बी, टिप्टोफेन, फाइबर, एन्टिअक्सिडेन्ट लगायतका पोषक तत्त्व पाइन्छ।

चितवनमा कोदोको उत्पादन राम्रो हुने गरेको छ। यहाँ अन्य बालीभन्दा कम लगानी र मेहेनतमा उत्पादन गर्न सकिने भएकाले किसानका लागि समेत यो लाभदायक हुने कृषि विकास कार्यालय चितवनका प्रमुख झलकनाथ कँडेलले बताए। 'राष्ट्रिय उत्पादकत्व भन्दा चितवनमा कोदोको उत्पादकत्व बढी छ', उनले भने, 'चितवनमा प्रतिहेक्टर १.४५ मेट्रिक टन उत्पादन हुन्छ। राष्ट्रिय उत्पादकत्व १.३ मेट्रिक टन मात्र छ।'गत वर्ष चितवन जिल्लामा ७३९ हेक्टरमा कोदो खेती गरिएको उनले जानकारी दिए। त्यसमध्ये इच्छाकामना गाउँपालिकामा सबैभन्दा बढी ६०० हेक्टर हाराहारीमा कोदो रोपिएको छ। त्यसपछि कालिकामा १७३ र भरतपुर महानगरपालिकामा ९८ हेक्टरमा कोदो रोपिन्छ। यहाँ कोदोको उत्पादन एक हजार ८९ मेट्रिक टन रहेको उनले बताए।



## हिमालयन बैंक लिमिटेडको ऋणीहरुलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना !

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैकबाट लिएको ऋणकर्जाको समय समयमा तिर्नु बुझाउन पर्ने साँवा, व्याज आदि नतिरी नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएको तथा पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्नु नभएकोले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र धनि बैकमा सम्पर्क राखी लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, व्याज दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला अन्यथा ऐन कानुन तथा ऋणी र बैकबीच भएको लिखत अनुसार कारवाही गरी कालोसुचीमा राखि बैंकको लेना असुल उपर गरिने छ। साथै धितो तथा व्यक्तिगत जमानी दिनुहुने महानुभावहरुलाई समेतले यसै सुचनाबाट जानकारी लिनुहुन अनुरोध गरेका छौं ।

### तपसिल

| ऋणीको विवरण | धितो विवरण |
|---|---|
| **शाखा कार्यालय: जितपुर सिमरा शाखा, बारा** | |
| गंगा साह रौनियारको बुहारी छठु लालको छोरी वृज किशोर रौनियारको पत्नी पर्सा जिल्ला रामगढवा गा.वि.स. वडा नं. ७ (हाल परिवर्तित वीरगञ्ज म.न.पा. वडा नं. १०) बस्ने **शोभा देवी (ऋणी)**<br>व्यक्तिगत जमानी दिने: **वृज किशोर रौनियार, दिपशिखा रौनियार, राजन कुमार गुप्ता र साजन कुमार गुप्ता** | ऋणी **शोभा देवीको** नाममा दर्ता कायम रहेको बारा जिल्ला अमृतगंज गा.वि.स. वडा नं. २ (हाल परिवर्तित सिम्रौनगढ न.पा. वडा नं. २) स्थित कित्ता नं. ३३२ को क्षेत्रफल ०-३-१०-० (विघा) जग्गा समेत। |
| **शाखा कार्यालय: कावासोती शाखा, नवलपरासी (ब.सु.पु.)** | |
| सन्त बहादुर थापा भन्ने सिंगविर थापाको नातिनी नर बहादुर थापा भन्ने नरजित थापाको छोरी नवलपरासी जिल्ला देउराली गा.वि.स. वडा नं. ४ (हाल परिवर्तित हुप्सेकोट गा.पा. वडा नं. ३) बस्ने **लिलावती सिजाली (ऋणी)**<br>व्यक्तिगत जमानी दिने: **रिमा थापा र नर बहादुर थापा भन्ने नरजित थापा** | सन्त बहादुर थापा भन्ने सिंगविर थापाको बुहारी नुलवीर माकीम मगरको छोरी नर बहादुर थापा भन्ने नरजित थापाको पत्नी **रिमा थापाको** नाममा दर्ता कायम रहेको नवलपरासी (ब.सु.पु.) जिल्ला देउराली गा.वि.स. वडा नं. ४क (हाल परिवर्तित हुप्सेकोट गा.पा. वडा नं. ३) स्थित कि.नं. १८२ को क्षेत्रफल ०-८-१५-० (विघा) को जग्गा समेत । |
| **शाखा कार्यालय: निजगढ शाखा, बारा** | |
| कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा दर्ता नं. २४७६३१/०७७/०७८ कायम भई मिति २०७७/०८/०४ मा दर्ता भएको **एस.बेकरी क्याफे प्रा.लि. (ऋणी)**<br>संचालक तथा व्यक्तिगत जमानी दिने: **अमर वहादुर श्रेष्ठ**<br>व्यक्तिगत जमानी दिने: **बोध कुमारी श्रेष्ठ र कमला देवी श्रेष्ठ** | १. हरि नारायण श्रेष्ठको बुहारी गोविन्द बहादुर श्रेष्ठको पत्नी काभ्रे जिल्ला भुम्लुटार गा.वि.स. वडा नं. ८ (हाल परिवर्तित भुम्लु गा.पा. वडा नं. ८) बस्ने कमला देवी श्रेष्ठको नाममा दर्ता कायम रहेको रौतहट जिल्ला लक्ष्मीनिया गा.वि.स. वडा नं. ८क (हाल परिवर्तित फतुवा विजयपुर गा.पा. वडा नं. ११) स्थित कित्ता नं. ३४० को क्षेत्रफल ०-६-१०-० (विघा) जग्गा समेत ।<br>२. हिमालयन बैंक लिमिटेड धनी एस.बेकरी क्याफे प्रा.लि. ऋणी कायम भई दर्ता भएको बागमती प्रदेश-०१-०२७ च ६३४२ को च्यासीस नं. MAT627129NLC25546 इन्जिन नं. REVTRN11CXXK28451 को Tata Nexon XZ+RTN BS6, 2022 निजी कार ।<br>३. हाइपोथिकेशन लिखत अनुसार बैंकको नाममा धितो सुरक्षण लेखिदिएका जहाँ जे जस्तो अवस्था र परिमाणमा रहेका सम्पतिहरु । |
| **शाखा कार्यालय: चपुर शाखा, रौतहट** | |
| १. वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग (जारी गर्ने कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट)मा प्रा.फ.र.न. ९७१२/५३२ कायम भई मिति २०७७/०६/२८ मा दर्ता भएको **रबि किराना पसल (ऋणी)**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **दिपमाला पटेल**<br>व्यक्तिगत जमानी दिने: **राम प्रवेश प्रसाद पटेल**<br>२. राम नाथ राउत कुर्मीको नाति भोला राउतको छोरा रौतहट जिल्ला सखुअवा धमौरा गा.वि.स. वडा नं. ७ (हाल परिवर्तित वृन्दावन न.पा. वडा नं. ६) बस्ने **राम प्रवेश प्रसाद पटेल (ऋणी)**<br>व्यक्तिगत जमानी दिने: **दिपमाला पटेल** | १. ऋणी **राम प्रवेश प्रसाद पटेलको** नाममा दर्ता रहेको रौतहट जिल्ला सखुअवा धमौरा गा.वि.स. वडा नं. ७ (हाल परिवर्तित वृन्दावन न.पा. वडा नं. ६) स्थीत कित्ता नं. २१६३ को क्षेत्रफल ०-१०-०-०, कित्ता नं. २१६० को क्षेत्रफल ०-४-६-० र कित्ता नं. २८६७ को क्षेत्रफल ०-२-१९.५ (विघा) जग्गा समेत ।<br>२. हाइपोथिकेशन लिखत अनुसार बैंकको नाममा धितो सुरक्षण लेखिदिएका जहाँ जे जस्तो अवस्था र परिमाणमा रहेका सम्पतिहरु । |
| **शाखा कार्यालय: बाइपास रोड शाखा, वीरगञ्ज, पर्सा** | |
| धनमादी तिवारीको बुहारी अनिधर चौलागाईको छोरी राम प्रसाद तिवारीको पत्नी चितवन जिल्ला भण्डारा गा.वि.स. वडा नं. ८ (राप्ती न.पा. वडा नं. ४) स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला हेटौंडा उप म.न.पा. वडा नं १२ बस्ने **तारादेवी चौलागाई** -१ र धनमादि तिवारीको नाति राम प्रसाद तिवारीको छोरा मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स.वडा नं. ७ स्थायी ठेगाना भई हाल परिवर्तित पर्सा जिल्ला वीरगञ्ज म.न.पा. वडा नं १६ बस्ने टेक प्रसाद तिवारी-१ (संयुक्त ऋणी)<br>व्यक्तिगत जमानी दिने: सपना तिवारी | **ऋणी तारादेवी चौलागाईको** नाममा दर्ता कायम रहेको पर्सा जिल्ला नगवा गा.वि.स. वडा नं.१ (हाल वीरगञ्ज म.न.पा. वडा न १६) स्थित कित्ता नं. १०३० र १७६५ को क्षेत्रफल क्रमश: ०-०-४-० र ०-०-३-० (विघा) जग्गा समेत । |

HBL Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६९१५०, पो.ब.नं. २०५९० काठमाडौं





एनएमबि सरल बचत फण्ड - इ NMB SARAL BACHAT FUND-E
NMB MUTUAL FUND एनएमबि म्युचुअल फण्ड

### एनएमबि म्युचुअल फण्ड
### अन्तर्गत संचालित
### एनएमबि सरल बचत फण्ड-इ

**धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७८।०४।२२ मा योजना संचालन अनुमति प्राप्त**

**खुलामुखी योजना**

## भुल सुधार गरिएको सम्बन्धमा

यस **एनएमबि सरल बचत फण्ड-इ** द्वारा मिति २०८३/०४/१४ गते "नागरिक दैनिक" राष्ट्रिय दैनिकमा प्रकाशित २०८३ आषाढ मसान्तको खुद सम्पत्ति मूल्य सम्बन्धी सूचनामा उल्लेखित विवरणमध्य आय व्यय विवरण निम्न बमोजिम हुनुपर्नेमा भुलवस त्रुटिपूर्ण रुपमा प्रकाशित हुन गएकोले उक्त विवरण सच्याइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आय व्यय विवरण**

| क्र.स. | विवरण | आषाढ मसान्त २०८३ (रु) | ज्येष्ठ मसान्त २०८३ (रु) |
|---|---|---|---|
| १ | प्राप्त भइ सकेको ब्याज तथा लाभांश आम्दानी | ६९,००१,१५९.४३ | ६८,३१६,२१३.१९ |
| २ | प्राप्त भइ नसकेको ब्याज तथा लाभांश आम्दानी | १,९३७,७२३.१४ | १,७१९,९६८.४६ |
| ३ | प्राप्त भइ नसकेको पूँजीगत आम्दानी/(नोक्सानी) | (२४१,४५४,५५४.८३) | (१४३,०४५,४६७.९५) |
| ४ | प्राप्त भइ सकेको पूँजीगत आम्दानी/(नोक्सानी) | १८७,६५०,२७२.१२ | १६४,०२६,३४३.७८ |
| ५ | अन्य आम्दानी | २३६,०९९.६० | २३४,२४०.८६ |
| | **जम्मा आम्दानी** | **१७,३७०,६९९.४६** | **९१,२५१,२९८.३४** |
| १ | योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क | ७५,११६,२७७.०४ | ६७,५१८,७३७.३३ |
| २ | कोष सुपरीवेक्षक शुल्क | ४,४१८,६०४.५२ | ३,९७१,६९०.४४ |
| ३ | योजना लेखापरीक्षण शुल्क | १६९,५००.०० | १६९,५००.०० |
| ४ | वार्षिक सिडिएस तथा सफ्टवेयर जडान/मर्मत शुल्क | ३२०,०००.०० | ३२०,०००.०० |
| ५ | थप इकाइ दर्ता शुल्क (सेबोन) | ५,३५०,०००.०० | ५,३५०,०००.०० |
| ६ | थप इकाइ सूचीकरण शुल्क (सिडिएस) | ५६०,०००.०० | ५६०,०००.०० |
| ७ | अन्य खर्च | ५१६,४४१.१४ | ४७१,७९६.२६ |
| | **जम्मा खर्च** | **८६,४५०,८२२.७०** | **७८,३६१,७२४.०३** |
| | **कूल आय/(व्यय)** | **(६९,०८०,१२३.२४)** | **१२,८८९,५७४.३१** |

यस सम्बन्धमा मिति २०८३/०४/१४ गते प्रकाशित सूचनामा आय व्यय विवरण बाहेकका अन्य सम्पूर्ण विवरणहरु यथावत रहेको जानकारी यसै सूचनामार्फत गराइन्छ।

**योजना व्यवस्थापक**

NMB CAPITAL एनएमबि क्यापिटल

**एनएमबि क्यापिटल लिमिटेड**
बालुवाटार-४, काठमाडौं, नेपाल
फोन नं.: ०१-४५३७९६०, ९८६३३३५१२९
इमेल: info@nmbcl.com.np, info.nmbsbfe@nmbcl.com.np
वेबसाइट: www.nmbcl.com.np





## वर्गीकृत विज्ञापन/डिस्प्ले

### काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मिति: २०८३।०४।१९ गते मंगलबार

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान ११४९ को २२६५.०८ घ.फि. काठ र साल जातको दाउरा ५.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**कालिका सा.व.उ.स.**
मधुवन-४, बर्दिया

### काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मिति: २०८३।०४।१९ गते मंगलबार

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान ६२६ को १६९२.५२ घ.फि. काठ र साल, साल मिश्रित र अन्य जातको दाउरा ८.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**सरस्वती सा.व.उ.स.**
मधुवन-४, बर्दिया





### महिला प्रयास बचत तथा ऋण सहकारी संस्था लि.
काठमाडौं-४, धुम्बाराही

## २९ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८३।०४।१९

यस संस्थाको मिति २०८३/०४/०८ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाको २९ औं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित प्रस्तावहरु माथि छलफल हुने गरी सम्पन्न हुने व्यहोरा सदस्यज्यूहरुमा सहर्ष जानकारी गराउँदछौ। साधारण सभामा अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौ।

**तपशिल:**
**मिति:** २०८३ भदौ २० गते शनिबार
**समय:** बिहान १०:०० बजेदेखि बेलुका ३:०० बजेसम्म
**स्थान:** धुम्रबराह पार्टी भेन्यु, धुम्बाराही

**प्रस्तावहरु:**
१) आ.व. २०८२/०८३ को देहाय बमोजिम वार्षिक प्रतिवेदन अनुमोदन तथा पारित सम्बन्धमा।
   क) संचालक समितिको तर्फबाट वार्षिक प्रगति प्रतिवेदन।
   ख) लेखा परिक्षण प्रतिवेदन।
   ग) लेखा सुपरिबेक्षण समितीको प्रतिवेदन।
   घ) ऋण समितिको प्रतिवेदन।
२) आ.व. ०८३/०८४ को अनुमानित बजेट तथा कार्यक्रम पारित सम्बन्धमा।
३) आ.व. ०८३/०८४ को लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा।
४) संस्थाको व्यवसायिक निति तथा कार्यविधि र विनियम संशोधन तथा पारित सम्बन्धमा।
५) आ.व. २०८२/०८३ मा संचालक समितिको निर्णयले संस्थामा भए गरेका सम्पूर्ण कारोबारको अनुमोदन सम्बन्धमा।
६) संचालक समिति, लेखा सुपरिवेक्षण समिति तथा कार्यालय प्रमुखको सेवा सुबिधा सम्बन्धमा।
७) ऋण अपलेखन सम्बन्धमा।
८) बाह्य दायित्व स्वीकार तथा सदस्यहरुको दायित्व मिनाहा सम्बन्धमा।
९) माइन्युट प्रमाणित गर्नको लागि सदस्य छनौट गर्ने सम्बन्धमा।
१०) लिलामबाट प्राप्त भएको सम्पत्ति तथा कानुनी प्रकृयाबाट प्राप्त हुन आएको अचल सम्पत्ति विक्री गर्ने सम्बन्धमा।
११) संस्था एकिकरण सम्बन्धमा।
१२) शेयर लाभांश बितरण सम्बन्धमा।
१३) विविध।

सबिता चौलागाई
सचिव